जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ३३ • २०८३ साल आषाढ ८ गते सोमबार (22 June, Monday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## रास्वपाको प्रथम महाधिवेशन शुरु, एकता र विकासमा जोड

# पार्टीको भावी नेतृत्व, संगठनात्मक संरचना र राजनीतिक कार्यदिशाबारे छलफल

**टुडे समाचारदाता**

भरतपुर । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम राष्ट्रिय महाधिवेशन भरतपुरमा आइतबारदेखि शुरु भएको छ। पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन्द्र साहले संयुक्त रूपमा घण्टी बजाएर महाधिवेशन उद्घाटन गरेका छन् । उद्घाटन सत्रपछि बन्द सत्र शुरु भएको छ।

महाधिवेशन उद्घाटन समारोहमा बोल्दै सभापति रवि लामिछानेले रास्वपाले प्रतिशोधको राजनीति नगर्ने स्पष्ट पारेका छन्। जनताले दिएको मतादेशलाई आत्मसात गर्दै सबै राजनीतिक दलसँग सहकार्य र सहयोगको वातावरण निर्माण गर्ने उनको भनाइ थियो । पार्टीभित्र गुट-उपगुटको अभ्यास हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै उनले महाधिवेशनमार्फत एकताको सन्देश दिने बताए।

"गुट र उपगुटले दिने फल विषालु हुन्छ। त्यसैले अहिले नै सही बीउ रोप्न आवश्यक छ," उनले भने । पुराना राजनीतिक दलका कमजोरीबाट पाठ सिकेर रास्वपा गुटरहित ढंगले अघि बढे कुनै शक्तिले पराजित गर्न नसक्ने उनको भनाइ छ । राष्ट्रिय राजनीति सुधारका लागि रास्वपा मात्र होइन, अन्य दलहरू पनि सुदृढ हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नेपाली कांग्रेस र नेकपा (एमाले)भित्र देखिएका समस्याको समाधान हुनुपर्ने बताए।



सभापति लामिछानेले पूर्वसहमति अनुसार नै सरकार अघि बढेको भन्दै प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले लक्ष्यअनुसार काम गरिरहेको बताए।

त्यस्तै प्रधानमन्त्री तथा रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहले वर्तमान सरकारलाई ' एक्स्प्रेस' गाडीसंग तुलना गर्दै सरकार निर्धारित गन्तव्यमा पुगेपछि मात्र रोकिने बताए। "हाम्रो सरकार एक्स्प्रेस वेमा गुडिरहेको गाडी हो, यो अनियन्त्रित छैन," उनले भने । रास्वपा विकास र काममा केन्द्रित पार्टी भएको उल्लेख गर्दै उनले सरकार नियम र कानुनको सीमाभित्र रहेर काम गर्ने स्पष्ट पारे।

प्रधानमन्त्री साहले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि भएको दोहोऱ्याउँदै ती भूभाग नेपालकै भएको प्रमाण सरकारसंग रहेको बताए। सीमासम्बन्धी विषय छिमेकी मुलुकसंग संवादमार्फत समाधान गरिने उनको भनाइ थियो।

"हामीले ब्रिटिसलाई मध्यस्थकर्ता राख्न खोजेका होइनौं, तर ब्रिटिसकालीन शासनका समयमा यससम्बन्धी कुनै प्रमाण छ भने सहयोग लिन खोजेका हौं", उनले भने, "हामी छिमेकीसँग आफैं कुरा गरेर सीमासम्बन्धी विषय मिलाउँछौं, हामीसँग हाम्रो भूभाग रहेको प्रमाण छ। त्यसमा आशंका लिनु पर्दैन।" आफ्नो राष्ट्रियताप्रतिको दृष्टिकोणमा कसैले पनि आशङ्का मान्नु नपर्नेमा उनले प्रस्ट्याए।

पार्टीभित्र समूह र गुट निर्माण नगर्न कार्यकर्तालाई आग्रह गर्दै उनले जनताको विश्वास जितेर नेतृत्व स्थापित गर्नुपर्ने धारणा राखे । सुकुम्बासी र सहकारी ठगीजस्ता समस्याको समाधान यही कार्यकालभित्र गरिने प्रतिबद्धता व्यक्त गर्दै आगामी निर्वाचनमा नयाँ एजेन्डासहित जनतामाझ जाने बताए।

रास्वपाको वैचारिक दृष्टिकोणका बारेमा चिन्ता नलिन आग्रह गर्दै उहाँले रास्वपा विकासवादी पार्टी भएको दाबी गरे। "रास्वपा काम गर्ने पार्टी हो, प्रतिशोध साँध्ने पार्टी होइन, पुराना कुरालाई लिएर निहुँ खोज्ने पार्टी होइन", उनले भने।

उद्घाटन समारोहमा विभिन्न राजनीतिक दलका शीर्ष नेताले शुभकामना व्यक्त गरेका थिए। नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेकपा (एमाले)का नेता प्रदीप ज्ञवाली, नेकपाका नेता वर्षमान पुन, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव तथा जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउतलगायतले महाधिवेशनको सफलताको शुभकामना दिए। उनीहरुले छोटो समयमा रास्वपाले राष्ट्रिय राजनीतिमा स्थापित स्थान बनाएको उल्लेख गर्दै जनअपेक्षा अनुसार काम गर्न सुझाव दिए।

महाधिवेशनका अवसरमा भारत, चीन, भुटान, बंगलादेश, मलेसिया र दक्षिण कोरियासहित विभिन्न देशका राजनीतिक दलबाट पनि शुभकामना सन्देश प्राप्त भएका छन् । परराष्ट्रमन्त्री तथा रास्वपा नेता शिशिर खनालले ती सन्देश वाचन गर्दै नेपालको स्थिरता, विकास र समृद्धिका लागि रास्वपाले प्राप्त गरेको जनादेशको प्रशंसा गरिएको जानकारी दिए। महाधिवेशनले पार्टीको भावी नेतृत्व, संगठनात्मक संरचना र राजनीतिक कार्यदिशाबारे महत्वपूर्ण निर्णय गर्ने अपेक्षा गरिएको छ।






## भारत-नेपाल सम्बन्धमा नयाँ कोशेढुंगा

# जनकपुरधामदेखि अयोध्यासम्म रेल सेवा सञ्चालनको तयारी



एआई जेनरेट फोटो

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल-भारतबीचको सदियौं पुरानो मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने उद्देश्यसहित मिथिलाको भूमि जनकपुरधामलाई भगवान् रामको जन्मभूमि अयोध्यासंग जोड्ने रेल सेवा सञ्चालन गर्ने तयारी तीव्र रूपमा अघि बढाइएको छ। करिब एक साता अघि दुबै देशका उच्च अधिकारीहरूबीच भएको सहमतिपछि जनकपुरधाम-जयनगर-अयोध्या रेल सेवा सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

अहिले नेपाल रेलले जनकपुरधाम र भारतको जयनगरबीच नियमित रेल सेवा सञ्चालन गर्दै आएको छ। अब यही रेल मार्गलाई विस्तार गर्दै सिधै भारतको उत्तर प्रदेशस्थित अयोध्यासम्म पुऱ्याउने योजना बनेको छ । यस कदमलाई नेपाल-भारत सम्बन्धको नयाँ अध्यायका रूपमा हेरिएको छ।

नेपाल- भारतबीचको सम्बन्ध केवल भौगोलिक सीमामा सीमित छैन। प्राचीन मिथिला र अवध क्षेत्रबीच धार्मिक, सांस्कृतिक तथा पारिवारिक सम्बन्ध निकै गहिरो छ । जनकपुरधामलाई माता सीताको जन्मस्थल र अयोध्यालाई भगवान् रामको जन्मभूमि रहेकाले यी दुई क्षेत्रबीचको सम्बन्ध धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ।

जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनमा आएपछि तीर्थयात्री, पर्यटक, व्यापारी तथा सर्वसाधारण नागरिकलाई सहज यात्रा सुविधा उपलब्ध हुनेछ। यसका साथै दुबै देशबीचको परम्परागत 'बेटी-रोटी' सम्बन्ध अझ मजबुत हुने विश्वास गरिएको छ।

करिब एक साता अघि काठमाण्डुमा नेपाल र भारतका उच्च सरकारी अधिकारीबीच सम्पन्न बैठकबाट जनकपुरधामदेखि अयोध्यासम्म सिधा रेल सेवा सञ्चालन गर्ने विषयमा महत्वपूर्ण छलफल भएको थियो। सो बैठकमा दुवै पक्षले रेल सेवा विस्तारका लागि सकारात्मक सहमति भएको बताइएको छ।

उक्त बैठकपछि जनकपुरधाम-जयनगर-अयोध्या रेल सेवा छिट्टै सञ्चालन गर्ने विषयमा स्पष्ट मार्गनिर्देशन तयार गरिएको बताइन्छ। स्रोतका अनुसार रेल सेवाको औपचारिक उद्घाटन नेपाल र भारतका उच्च राजनीतिक नेतृत्व वा विशिष्ट व्यक्तित्वको उपस्थितिमा हुन सक्ने सम्भावना रहेको छ।

सैद्धान्तिक सहमति भइसकेपछि रेल सञ्चालनसंग सम्बन्धित विभिन्न प्राविधिक तथा प्रशासनिक विषयहरूमा विस्तृत छलफल गरिनेछ। आगामी चरणमा निम्न विषयहरूलाई अन्तिम रूप दिइने बताइएको छ। स्रोतले जनाए अनुसार रेलको नियमित सञ्चालन प्रक्रिया र समय तालिका निर्धारण, नेपाल र भारतबीच राजस्व बाँडफाँटको व्यवस्था, मार्गमा पर्ने प्रमुख रेल स्टेशनहरूको चयन तथा ठहराव बिन्दु निर्धारण, यात्रु व्यवस्थापन र सेवा सञ्चालनको ढाँचा, सीमा क्षेत्रमा आवश्यक समन्वय संयन्त्र निर्माण एवं सुरक्षा व्यवस्थाको खाका तयारबारे विस्तृत अन्तिम छलफल हुनेछ।

रेल सेवा सञ्चालनसँगै यात्रुहरूको सुरक्षा सुनिश्चित गर्न दुवै देशले विशेष सुरक्षा योजना पनि तयार गरेका छन्। प्रस्तावित व्यवस्थाअनुसार नेपाली भूभागभित्र रेल तथा यात्रुहरूको सुरक्षा जिम्मेवारी नेपालका सुरक्षा निकायले वहन गर्नेछन् भने भारतीय सीमामा प्रवेश गरेपछि भारतीय सुरक्षा निकायले सुरक्षा व्यवस्था सम्हाल्नेछन्।

यसले अन्तरदेशीय रेल यात्रालाई सुरक्षित, व्यवस्थित र विश्वसनीय बनाउने अपेक्षा गरिएको छ।

नेपाल रेल्वेका महाप्रबन्धक परिवेश पराजुलीले जनाए अनुसार परियोजनालाई अगाडि बढाउन दुबै देशका अधिकारीहरूबीच सकारात्मक वातावरणमा छलफल सम्पन्न भएको छ।

उनले रेल सेवा सञ्चालनका क्रममा देखिएका प्राविधिक तथा व्यवस्थापकीय पक्षहरू छिट्टै समाधान गरिने र निकट भविष्यमै जनकपुर-जयनगर-अयोध्या रेल सेवा सञ्चालनमा ल्याउने लक्ष्य रहेको बताए।


रेल सेवा सञ्चालनमा आएपछि नेपाल-भारतबीच धार्मिक पर्यटनमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। जनकपुरधाम, अयोध्या, वाराणसी, गयालगायतका धार्मिक स्थलहरूमा आवागमन सहज हुने भएकाले तीर्थयात्रीहरूको संख्या बढ्न सक्ने अनुमान गरिएको छ।

त्यस्तै सीमावर्ती क्षेत्रहरूमा व्यापार, होटल व्यवसाय, यातायात तथा अन्य सेवा क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्ने छ।

प्राचीन मिथिलादेखि अवधसम्म सिधा रेल सेवा सञ्चालन हुने समाचारले नेपाल र भारतका नागरिकमा उत्साह थपिएको छ । धार्मिक, सांस्कृतिक तथा सामाजिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउने यस ऐतिहासिक रेल परियोजनाको कार्यान्वयनलाई दुबै देशका नागरिकले चासोका साथ प्रतीक्षा गरिरहेको भारतीय सञ्चारमाध्यमहरुले समेत जनाएको छ।

जनकपुरधाम र अयोध्यालाई रेलमार्फत प्रत्यक्ष जोड्ने योजना सफल भएमा नेपाल-भारत सम्बन्धको इतिहासमा अर्को महत्वपूर्ण कोशेढुंगाका रूपमा स्थापित हुने छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# रास्वपाको महाधिवेशन

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को प्रथम महाधिवेशनको उद्घाटन भरतपुरमा भव्यरुपमा भएको छ। भव्य उद्घाटन समारोहमा नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले शुभकामना व्यक्त गरे । तर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'सहभागी भएनन् । देशको सबै भन्दा ठूलो दलको प्रथम राष्ट्रिय महाधिवेशनमा एमाले र नेकपाबाट तल्लो वरियताका नेताहरु सहभागी भएको हो । उनीहरुले पनि महाधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरे । महाधिवेशनमा सहभागी भएर दलहरुले राजनीतिक औपचारिकता पुरा गर्छन् । विगतमा पनि महाधिवेशनहरुमा दलको हैसियत अनुसार अन्य दलबाट नेताहरु सहभागी हुने गरेका छन् । रास्वपाको महाधिवेशनमा एमाले र नेकपाका शीर्ष नेताहरुको उपस्थिति हुँदा दलहरुबीचको तिक्ततालाई कम गर्ने थियो । कांग्रेस, एमाले र नेकपा अहिले विपक्षमा छन् । तर उनीहरुले सत्तापक्षलाई रचनात्मक सहयोग गर्नुपर्छ । सत्तारुढ दलसितको सहकार्यमा पनि विपक्षी दलहरु पछि हटन हुँदैन । राम्रा कामको समर्थन र नराम्रा कामको विरोध गर्नुपर्छ । सत्तासिन दलको महाधिवेशनमा ओली र प्रचण्ड पुगेको भए सकारात्मक सन्देश नै प्रवाह हुने थियो । कांग्रेसका सभापति थापालाई महाधिवेशनमा कुनै अप्ठ्यारो महसुस भएन । रास्वपाको महाधिवेशनमा राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) का अध्यक्ष राजेन्द्र लिंगदेन पनि शुभकामना सन्देश दिन पुगे । जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सीके राउत पनि शुभकामना दिन महाधिवेशन उद्घाटन समारोहमा सहभागी भए । यसले दलहरुबीच संवादको वातावरणलाई जिवन्त राख्ने छ । महाधिवेशन उद्घाटन समारोहमा अन्य दलका नेताहरुलाई आमन्त्रण गर्नु राजनीतिक औपचारिकता हो । कार्यक्षेत्रमा एकअर्काको विरोध गरे पनि कतिपय क्षेत्रमा सहकार्य पनि हुने गरेको छ । रास्वपाको प्रथम महाधिवेशन पार्टी स्थापना भएको चार वर्षमा नै भएको छ । अन्य दलहरुमा महाधिवेशन गर्न नै गुटहरु खडा हुने गरेका छन् । महाधिवेशन गर्न केही गुटले दबाब दिने र केही गुटले लम्बयाउन चाहने प्रवृत्ति छ । देशका पुराना ठूला दलहरु कांग्रेसमा विशेष महाधिवेशन गर्दा एउटा ठूलो पक्ष विरोधमा छ । एमाले र नेकपामा महाधिवेशनबाट नेतृत्व परिवर्तन गर्ने दबाब बढ्दो छ । तर एमालेका अध्यक्ष ओली र नेकपाका अध्यक्ष प्रचण्ड नेतृत्व छाड्न तयार छैनन् । तर रास्वपाका अध्यक्ष रवि लामिछानेलाई नै सर्वसम्मतिबाट अध्यक्ष बनाउने सिंगो पार्टी पंगती एक रहेको छ । रास्वपामा लामिछानेलाई नै अध्यक्ष बनाउन पार्टीका सबै तह र तप्काका नेता, कार्यकर्ता(प्रतिनिधि)हरु एकजुट भएर लागे जस्तै कांग्रेस, एमालेर माओवादीमा पनि वातावरण नेताहरुले बनाउनु पर्थ्यो । तर हटाउन बहुमत देखिएको छ । मधेशी दलहरु महाधिवेशनबाट टाढै रहने प्रयास गरेको देखिन्छ । महाधिवेशन भए पनि त्यो निर्वाचन आयोगको निर्देशिकालाई पालना गर्न बाहेक केही हुँदैन ।

# स्वास्थ्य क्षेत्रमा भारतको अभूतपूर्व प्रगति



● श्रीमन नारायण

दक्षिणी छिमेकी भारत विश्वको उदाउँदो शक्ति राष्ट्र हो । शिक्षा, स्वास्थ्य, यातायात, विज्ञान, सूचना प्रौद्योगिकी, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र अन्तरिक्ष अनुसन्धानको क्षेत्रमा यसको निरन्तरको प्रगति विश्वमै चर्चाको विषय बनेको छ। कोभीड-१९ को समयमा यसले दक्षिण एशिया सहित विश्वका कतिपय देशहरुलाई उपलब्ध गराएको र अनुदान दिएको जीवनरक्षक औषधि स्वास्थ्य उपकरण र कोभीड विरोधी भ्याक्सिनहरुले विश्वका लाखौं-करोडौं व्यक्तिको ज्यान जोगाउने काम गऱ्यो । भारतको स्वास्थ्य उपचारलाई दक्षिण एशियाकै सर्वोत्कृष्ट र एशियाको उच्च कोटी मानिन्छ । दक्षिण एशियाका देशहरुसहित, एशिया, र अफ्रिकाका अनेकौं नागरिकहरु जटिल रोगहरुको स्तरीय उपचारको निम्ति भारतको एम्स जस्ता अस्पतालहरुमा उपचार गराउन आउँछन् र निको भएर जान्छन् । सस्तो भरपर्दो र सटिक उपचारको निम्ति भारतका शहरहरुमा उपचार गराउन आउने विदेशीहरुको घुइचो लागेको हेर्न सकिन्छ । नेपालका नागरिकहरुको निम्ति भारतका अस्पताल र शहरहरु सधै नै अपनत्वको अनुभूति गराउँछ । भारतको स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयद्धारा गत साता राष्ट्रिय स्वास्थ्य सर्भेक्षण-६ जारी गरियो । यस सर्भेक्षणको सन्चालन स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयद्धारा सन् २०२३-२४ को अवधिमा मुम्बईस्थित अन्तर्राष्ट्रिय जनसंख्या विज्ञान संस्थान (आईआईपीएस) को सहयोगवाट नोडल एजेन्सीको रुपमा गरिएको थियो । ७१५ जिल्लाका झण्डै ६.७९ लाख परिवारहरुलाई समेटिएर गरिएको यो सर्भेक्षण जनसंख्या, स्वास्थ्य, पोषण र परिवार कल्याण सूचकहरुबारे महत्वपूर्ण प्रमाण उपलब्ध गराउँछ र जिल्लास्तर सम्म प्रमाण-आधारित योजना र कार्यक्रम कार्यान्वयनमा सहयोग गर्दछ ।

राष्ट्रिय परिवार स्वास्थ्य सर्भेक्षण-६ को मुख्य निश्कर्ष-भारतले स्वास्थ्य, पोषण र सामाजिक विकास सूचकांकमा उल्लेखनीय प्रगति गरेको छ । यसवाट निरन्तर नीतिगत हस्तक्षेप र प्रमुख कार्यक्रमहरु लक्षित कार्यान्वयनको प्रभावलाई प्रमाणित गर्दछ । राष्ट्रिय परिवार स्वास्थ्य सर्भेक्षण-५ (सन २०१९-२१) देखि राष्ट्रिय परिवार स्वास्थ्य सर्भेक्षण-६ (सन् २०२३-२४) सम्मका प्रमुख निष्कर्षहरु यस प्रकार रहेका छन् ।

सुरक्षित मातृत्व संस्थागत प्रसव, मातृ एवं शिशु स्वास्थ्य रेखदेखमा सुधार नयाँ सर्भेक्षणले देशभरिमा मातृ एवं शिशु स्वास्थ्य सेवाहरुमा महत्वपूर्ण सुधारहरुलाई उजागर गर्दछ । ९५.९ प्रतिशत गर्भवती महिलाहरुलाई प्रसवपूर्व रेखदेख (एएनसी) सुविधा प्राप्त भईरहेको छ । यसका साथै पहिलो त्रैमासिक प्रसवपूर्ण रेखदेखवाट लाभ उठाउने आमाहरुको संख्या ७० प्रतिशतवाट बढेर ७६.२ प्रतिशत सम्म हुन पुगेको छ। कमसेकम चार एएनसी सेवा प्राप्त गर्ने महिलाहरुको संख्या पनि ५८.५ वाट ६५.२ प्रतिशत सम्म हुन गएको छ । यो मातृ स्वास्थ्य सेवाहरुमा निरन्तर प्रगतिको परिणाम हो ।

संस्थागत प्रसव मामिलामा ८८.६ प्रतिशतवाट बढेर ९०.६ प्रतिशतको वृद्धि भएको छ । यसवाट भारत सार्वभौमिक स्वास्थ कवरेज नजिक पुगेको छ। दक्ष स्वास्थकर्मीहरुद्धारा गराइएका प्रसवहरुमा ८९.४ प्रतिशतदेखि ९१.३ प्रतिशत सम्मको सुधार भएको छ, जबकी प्रसवको दुई दनमै डाक्टर नर्स, महिला स्वास्थ सहायक (एलएचभी), नर्स मिडवाईफ (एएनएम) मिडवाईफ अन्य स्वास्थकर्मीहरुद्धारा नवजात शीशुहरुको जन्मपछिको रेखदेखमा ७९.१ प्रतिशत देखि ८५.३ प्रतिशत सम्मको सुधार भएको छ ।

मातृपोषण सुचकांकमा पनि उल्लेखनीय सुधार भएको छ । गर्भावस्थाका दौरान एक सय दिन अथवा त्यो भन्दा बढी समय सम्म आइरन र फोलिक एसिड सप्लीमेन्टको सेवन गर्ने आमाहरुको संख्या ४४.१ प्रतिशतवाट बढेर ५४.९ प्रतिशत हुन गएको छ, जबकी ६ महिना अथवा त्यो भन्दा बढी समयसम्म सप्लिमेण्टको सेवन गर्ने आमाहरुको संख्या २६.० प्रतिशत बाट बढेर ३७.८ प्रतिशत भएको छ । उपरोक्त उपलब्धिहरु जननी सुरक्षा योजना, जननी शिशु सुरक्षा कार्यक्रम, प्रधानमन्त्री सुरक्षित मातृत्व अभियान, सुरक्षित मातृतत्व आश्वासन, सुविधा आधारित नजवात शिशु रेखदेखले गृह आधारित नजवात शिशु रेखदेख र प्रधानमन्त्री मातृ बन्दना योजना जस्ता पहलहरुद्धारा लक्षित कार्यान्वयनवाट प्रेरित भएर, सुदृढ सार्वजनिक स्वास्थ्य संरचना देश भरिमै मातृ एवं शिशु स्वास्थ सेवाहरु सम्म राम्रो पहुँचलाई प्रदर्शित गर्दछ । उपरोक्त कार्यक्रमहरुले प्रसवपूर्ण र प्रसवोत्तर रेखदेख कभरेजलाई बढाएको छ । गर्भावस्था र प्रसवका दौरान गुणस्तरपूर्ण रेखदेख सुनिश्चित गरिएको छ र सुरक्षित मातृत्व एवं शिशु स्वास्थ्य तौर-तरिकाहरुलाई (गतिविधिहरु) बढावा दिन्छ ।

परिवार नियोजनमा सुधार-भारतको कुल प्रजनन दर २.० माथि स्थिर छ । गर्भनिरोधक उपयोग दर ६६.१ प्रतिशतबाट बढेर ६९.१ प्रतिशतसम्म हुन गएको छ । यसमा आमा र बच्चाको स्वास्थ्य माथि बढी ध्यान दिइएको छ । फल स्वरुप आवश्यकताको समयमा परिवार नियोजन सेवाहरुसम्म राम्रो तरिकाले पहुँच सम्भव भईरहेको छ । यो सुधार मिशन परिवार विकास सहित राष्ट्रिय परिवार नियोजन कार्यक्रमको निरन्तर प्रभावलाई रेखांकित गर्दछ ।

बाल टिकाकरणको सफलता-भारत देशव्यापी रुपमा टिकाकरण (खोप कार्यक्रम) कभरेजको दिशाको निरन्तर बलियो हुँदै गएको छ । खोप कार्डको आधारमा १२-२३ महिनासम्म आयुका शिशुहरुमा पूर्ण खोप कार्यक्रम ८३.८ प्रतिशतवाट बढेर ८७.१ प्रतिशत सम्म हुन गएको छ । ९५.६ प्रतिशत बच्चाहरु मध्ये अधिकांशलाई खोप सार्वजनिक स्वास्थ्य सेवाको माध्यमवाट लगाइएको छ । यसवाट सार्वजनिक स्वास्थ्य प्रणालीसित समाजको विश्वासको पुष्टि हुन्छ । १२ देखि २३ महिना आयुसम्मका बच्चाहरुलाई प्राप्त हुने सबै किसिमका टिकाहरुको प्रतिशत लगातार ९६ भन्दा बढी रहेको छ । प्रमुख टिकाहरुमा उल्लेखनीय सुधार भएको छ । रोटावायरस टीकाकरण कभरेजमा ३६.५ प्रतिशतबाट बढेर ८५.४ प्रतिशत सम्म उल्लेखनीय वृद्धि भएको छ । दादुरायुक्त खोपको दोश्रो अभियानले पनि ५८.६ प्रतिशतबाट बढेर ७१.८ प्रतिशत पुगेको छ । सर्भेक्षणमा बच्चाहरुको स्वास्थको प्रमुख सूचकहरुमा पनि सुधार देखिएको छ । बच्चाहरुमा देखिने तीव्र श्वसन संक्रमण (एआरआई) का लक्षणहरुको व्याप्कता २.८ प्रतिशतवाट घटेर १.९ प्रतिशत र गम्भीर वान्ताको व्याप्कता पनि घटेर ०.५ प्रतिशत सम्म पुगेको छ । उपरोक्त उपलब्धिहरु समर्पित अग्रिम पंक्तिका स्वास्थकर्मीहरुद्धारा अन्तिम किनारासम्म सेवा वितरणलाई बलियो बनाउने, उन्नत कोल्ड चेन संरचना, यू-वीन जस्ता डिजिटल ट्र्याकिंग सिएटम र भारतको देशव्यापी टिकाकरण अभियान र अन्य सार्वजनिक स्वास्थ्य कार्यक्रम अन्तर्गत सक्रिय सामूहीक सहभागितालाई प्रदर्शित गर्दछ ।



भारतमा बालपोषणको प्रगति : सतत विकास लक्ष्यको प्राप्तिको दिशामा एउटा सकारात्मक प्रगति राष्ट्रिय स्वास्थ्य परिवार स्वास्थ्य सर्भेक्षण-६ बाल पोषण परिणामहरुमा उत्साह जनक प्रगतिको संकेत दिन्छ । सर्भेक्षण अवधिमा ६ महिनासम्मका ९५.६ प्रतिशत बच्चाहरु स्तनपान गरिरहेका थिए । यस वाहेक जन्मको एकघण्टा भित्र स्तनपान गर्ने तीन वर्ष मुनिका बच्चाको प्रतिशत लगभग १० अंकवाट बढेर ४१.८ प्रतिशतवाट ५०.१ प्रतिशतसम्म पुगेको छ । पाँच वर्ष भन्दा कम आयुका बच्चाहरुमा पुडकोपना ३५.५ प्रतिशत भन्दा घटेर २९.३ प्रतिशत भएको छ । यो दीर्घकालीन पोषण सम्बन्धी परिणाममा भएको सुधारलाई देखाउँछ । पुडकोपनको समस्यामा यो उल्लेखनीय सुधार भारतमा दीर्घकालीन पोषण संक्रमण र बाल स्वास्थ परिणामहरुमा आएको सुधारको बलियो प्रमाण हो ।

अध्याधिक कमजोरी (उचाईको हिसाबले बढी दुव्लोपन) मा ७.७ प्रतिशत देखि ५.२ प्रतिशत सम्मको ठुलो कमी आएको छ । पाँच वर्ष भन्दा कम आयुका बच्चाहरुमा कम वजनको व्याप्कतामा पनि ३२.१ प्रतिशत देखि ३१.८ प्रतिशतको कमी आएको छ । शिशु र साना बच्चाहरुको पोषण सम्बन्धी तरिकामा पनि सुधार देखियो ६-८ महिना आयुका स्तनपानका साथै ठोस अथवा अर्द्धठोस आहार उपलब्ध गराईने बच्चाहरुको संख्या ४५.९ प्रतिशतवाट बढेर ५९.५ प्रतिशत हुन गएको छ । उपरोक्त उपलब्धिहरु विभिन्न मन्त्रालयहरुको समिन्वत प्रयासहरुको परिणाम हो । यसमा पोषण अभियान, सक्षम आँगनबाडी र पोषण २.० जस्ता प्रमुख पहलहरु सामेल छन् । यिनलाई आइ्सीडिएस अन्तर्गत बलियो सेवा वितरणको समर्थन प्राप्त भईरहेको छ । राष्ट्रिय स्वास्थ्य मिसन अन्तर्गत पुरक पहल अन्तर्गत मातृ एवं शिशु स्वास्थ सेवाहरु पोषण पुनर्वास केन्द्र, आमाको पूर्ण स्नेह, शिशु एवं शिशु पोषण आयरन र फोलिक एसिड अनुपुरण र विकास निगरानीले पनि राम्रो परिणाम दिनमा योगदान गरेको छ ।

स्वास्थ्य संरक्षण विस्तार-स्वास्थ्य विमा/वित्तपोषण योजनाको परिवारको स्तरसम्म ४१ प्रतिशतवाट बढाएर ६०.२५ प्रतिशतसम्म पुगेको छ । यो स्वास्थ्य सेवामा वित्तिय सुरक्षालाई बलियो बनाउने उद्देश्यले सरकारद्धारा शुरु गरिएको पहलहरुको सफलतालाई दर्शाउँदै । आयुष्मान भारत-प्रधानमन्त्री जनआरोग्य योजना जस्ता प्रमुख योजनाहरुले खासगरि कमजोर जनसंख्यालाई सस्तो स्वास्थ सेवाहरुसम्म पहुँच बढाउनमा महत्वपूर्ण भूमिकाको निर्वाह गरेको छ । यो विस्तार सार्वभौमिक कभरेज र देशभरिमा गुणस्तरीय सेवाहरुसम्म समान पहुँचको दिशामा एउटा महत्वपूर्ण पाईला हो ।

महिला सशक्तीकरण र वित्तिय समावेशन राष्ट्रिय परिवार स्वास्थ्य सर्भेक्षण-६ को आँकडावाट महिलाहरुको डिजिटल पहुँच र वित्तिय सशक्तीकरणको निरन्तर प्रगतिलाई दर्ता गरिएको छ । इन्टरनेटको उपयोग गर्ने महिलाहरुको संख्या झण्डै दोब्बर भएर ३३ प्रतिशतवाट ६४.३ प्रतिशत भएको छ । बैंकमा बचत खाताहरुको आफै उपयोग गर्ने महिलाहरुको संख्या ७८.६ प्रतिशतवाट बढेर ८९.० प्रतिशत भएको छ । र मोबाईल फोनको आफै उपयोग गर्ने महिलाहरुको संख्या ५३.९ प्रतिशतवाट बढेर ६३.६ प्रतिशत पुगेको छ । राष्ट्रिय किशोर स्वास्थ्य कार्यक्रम अन्तर्गत मासिक धर्म स्वच्छता अभियान र प्रधानमन्त्री भारतीय जनऔषधी परियोजना अन्तर्गत सस्तो मूल्य मूल्यमा सैनिटरी उत्पादन जस्ता पहलहरुवाट १५ देखि २४ वर्ष आयु वर्गका महिलाहरुमा मासिक धर्मका दौरान स्वच्छताको निम्ति स्वच्छ तरिकाको उपयोग ७७.६ प्रतिशतवाट बढेर ७९.२ प्रतिशत हुन गएको छ । यस्ता पहलहरुले देशमा सुरक्षित मासिक धर्म स्वच्छता र तौर तरिकाहरुको बारेमा जागरुकता, सुलभता र उपयोगमा बृद्धि भएको छ । राष्ट्रिय परिवार स्वास्थ्य कार्यक्रम-६ स्वास्थ्य र सामाजिक क्षेत्रहरुमा कार्यक्रम कार्यान्वयन र नीति निर्माणको निम्ति महत्वपूर्ण साक्ष्य प्रदान गर्दछ । यो निश्कर्ष मातृ एवं शिशु स्वास्थ्य र सामाजिक क्षेत्रहरुमा कार्यक्रम कार्यान्वयन र नीति निर्माणको निम्ति महत्वपूर्ण प्रमाण उपलब्ध गर्दछ । यो निश्कर्ष, मातृ एवं शिशु स्वास्थ्य, पोषण, महिला सशक्तिकरण र आवश्यक सेवाहरुसम्म पहुँचमा निरन्तर प्रगति देखाउँछ ।

समग्रमा यो निश्कर्ष सतत विकास लक्ष्यहरुलाई प्राप्त गर्ने दिशामा भारतको निरन्तर प्रगतिलाई पुष्टि गर्दछ । समन्वय, अन्तिम किनारासम्म वितरण र समावेशी विकास माथि निरन्तर जोड दिने उपरोक्त उपलब्धिहरुका साथै भारतले जनताको स्वास्थ र कल्याणमा थप सुधार गर्ने राम्रो अवस्थामा रहेको छ ।

# स्वतन्त्र पत्रकारिता, विज्ञापन बहस र महासंघको आन्दोलन



● रमेश कुमार बोहोरा

समुन्न लोकतन्त्रमा यसका प्रत्यक्ष, अप्रत्यक्ष अंगहरु अर्थात् संविधानले चिनेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका साथ सर्वमान्य रुपमा स्वीकृत चौथौं अंग 'पत्रकारिता'को स्वतन्त्रता, पत्रकारहरुको हक, अधिकार, सुरक्षाका साथै उनीहरुको सम्मान र सहज जीविकोपार्जनको अवस्था स्थापित भएको हुन्छ ।

जनताको आवाज मुखरित गर्ने, राज्यसत्ता र अन्य निकायहरुलाई खबरदारी गर्ने, राम्रा कामको चर्चा गर्ने, खराब कामको आलोचना गर्ने र सचेत पार्दै समाज निर्माणको यात्रामा अघि बढाउने जिम्मेवारी स्वतन्त्र पत्रकारिताको हुन्छ ।

यस्तो पत्रकारिता राज्य, कुनै निकाय, कुनै राजनीतिक दल, संगठन, समुदायको प्रभावबाट मुक्त हुनुपर्छ । अझ राज्यतहबाट अप्रत्यक्षा रुपमा प्रेसमाथि अंकश लगाउन खोजियो भने त्यहाँ लोकतन्त्र कमजोर हुँदै जान्छ ।

नेपालमा अहिले स्वतन्त्र पत्रकारिता र लोकतन्त्रको बहस चुलिएको छ । फागुन २१ गतेको निर्वाचनपछि गठन भएको झण्डै दुई तिहाइको सरकारले २०८२ चैत १८ गते तीनै तहका सरकारकी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै दिने गर्ने निर्णय गरेपछि त्यसलाई लिएर सुरु भएको विवाद अहिले अन्तर्राष्ट्रिय मञ्चसम्म पुगेको छ ।

यो केवल विज्ञापन वितरणको विषय होइन, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक अस्तित्वसँग जोडिएको विषय हो ।

सरकारको उक्त निर्णयले निजी सञ्चारमाध्यमलाई क्रमशः आर्थिक रूपमा कमजोर बनाउने र अन्ततः सञ्चार क्षेत्रलाई राज्यको नियन्त्रणमा सीमित गर्ने मनसाय रहेको आरोपलाई बलियो बनाएको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा सरकार सबै नागरिक र संस्थाप्रति समान व्यवहार गर्न बाध्य हुन्छ । तर सूचना र विज्ञापनजस्ता सार्वजनिक स्रोतलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले राज्य आफैं प्रतिस्पर्धी बनेर निजी सञ्चारमाध्यमलाई निषेध गर्ने मनोवृत्ति झल्काएको छ । यी घटनाक्रमले गम्भीर चिन्ता जन्माएको छ ।

नेपाल पत्रकार महासंघले सुरुदेखि नै उक्त निर्णयको विरोध गर्दै त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा व्याख्या गरेको थियो । महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय खारेज गर्न माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगको समेत ध्यानाकर्षण गराएको थियो ।

अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसँग सम्बन्धित संवेदनशील विषयमा हस्तक्षेप गर्न आयोगलाई आग्रह गरिएको थियो । तर आयोगको प्रतिक्रिया आश्चर्यजनक रूपमा मौन रह्यो ।

मानवअधिकार आयोगको मौनताले अनेक प्रश्न जन्माएको छ । नागरिकका आधारभूत अधिकारको संरक्षण गर्ने संवैधानिक जिम्मेवारी बोकेको संस्थाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासँग प्रत्यक्ष जोडिएको विषयमा किन मौनता रोज्यो ? जब अभिव्यक्ति स्वतन्त्रता खुम्चिने खतरा देखिन्छ, त्यतिबेला आयोगको भूमिका अझ सक्रिय हुनुपर्ने होइन र ? विडम्बना के छ भने, सामान्य विषयमा समेत प्रेस विज्ञप्ति जारी गर्ने आयोग यस विषयमा भने न बोल्यो, न कुनै अनुसन्धान गर्यो, न सरकारलाई सचेत गराउने प्रयास नै गऱ्यो ।

आयोगको यही निष्क्रियता अहिले आलोचनाको केन्द्रमा पुगेको छ । किनभने प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप कुनै एउटा सञ्चारगृहको समस्या मात्र होइन, त्यो नागरिकको सूचना प्राप्त गर्ने अधिकारसँग जोडिएको विषय हो । सञ्चारमाध्यम कमजोर हुँदा अन्ततः कमजोर हुने लोकतन्त्र नै हो । सरकारले निर्णय गरेको दुई महिना बितिसक्दा पनि मागको सुनुवाइ नभएपछि नेपाल पत्रकार महासंघ आन्दोलनको बाटो रोज्न बाध्य भएको छ ।

महासंघले सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेज, प्रेसको संवैधानिक हकको रक्षा, संवादमार्फत सर्वपक्षीय कार्यदल गठन तथा निर्बाध सूचना उपयोगको सुनिश्चितताका लागि चरणबद्ध आन्दोलन घोषणा गरेको छ ।

वैशाख ९ गतेदेखि सुरु भएको आन्दोलन अन्तर्गत प्रदेश समितिहरूले मुख्यमन्त्रीहरूसँग छलफल गरेका थिए । वैशाख १० गते सम्पूर्ण नेपाल पत्रकार महासंघ जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो भने केन्द्रीय कार्यालयले पत्रकार सम्मेलनमार्फत आफ्नो धारणा सार्वजनिक गऱ्यो ।

वैशाख ११ गते सम्पादकीय ऐक्यबद्धता प्रदर्शन गरियो र सामाजिक सञ्जालमार्फत विरोधका सामग्री सार्वजनिक गरिएको छ । 'समान विज्ञापन, सशक्त सञ्चारमाध्यम र सुरक्षित पत्रकार' तथा 'सरकारी विज्ञापन सबैलाई देऊ' भन्ने नारासहित आन्दोलनलाई थप विस्तार महासंघले गर्यो ।वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल महासंघले गर्यो भने वैशाख १५ गते स्थानीय तहलाई संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइयो । जेठ ७ गतेदेखि एक सातासम्म हस्ताक्षर सङ्कलन अभियान सञ्चालन गरियो ।

जेठ ११ गते संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा विषयगत समितिका सभापतिहरूलाई ज्ञापनपत्र बुझाइयो । त्यसै दिन देशभरका सञ्चारमाध्यममा विरोधस्वरूप सम्पादकीय वा अन्य उपयुक्त स्थानमा कालो पोत्ने अभियान सञ्चालन गरियो ।

त्यसपछि पनि माग पूरा नभएपछि आन्दोलन थप सशक्त बनाइयो । जेठ २५ गते देशभर सङ्कलित हस्ताक्षर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाइयो । जेठ २७ र २९ गते जिल्ला प्रशासन कार्यालयहरूमा धर्ना दिइयो । असार १ र ३ गते मुख्यमन्त्री कार्यालयहरूमा धर्ना कार्यक्रम सञ्चालन गरियो ।

अन्ततः असार ५ गते काठमाडौंमा पेशागत सङ्गठन तथा सरोकारवालासहित माइतीघर मण्डला देखि बबरमहल सम्म वृहत् ऐक्यबद्धता ऱ्याली आयोजना गरियो, जसमा हजारौं नागरिक सडकमा उत्रिएका थिए । यसले महासंघ आन्दोलनलाई निर्णायक चरणतर्फ लैजान खोजिरहेको स्पष्ट संकेत दिएको छ ।

महासंघको आन्दोलन केवल विज्ञापनको हिस्साका लागि होइन, लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताको रक्षाका लागि भएको दाबीलाई सहजै अस्वीकार गर्न सकिँदैन । किनभने सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने कुनै पनि नीति अन्ततः आलोचनात्मक आवाजलाई नियन्त्रण गर्ने अप्रत्यक्ष रणनीतिका रूपमा प्रयोग हुने गरेको विश्वव्यापी अनुभव छ ।

चिन्ताजनक पक्ष के हो भने, सरकारले पत्रकार समुदायको गम्भीर आपत्ति र महासंघको निरन्तर दबाबलाई समेत बेवास्ता गरिरहेको छ । लोकतन्त्रमा असहमति सुन्ने संस्कार आवश्यक हुन्छ । तर सरकारको व्यवहार हेर्दा आलोचनात्मक आवाजप्रति असहिष्णुता बढ्दै गएको संकेत देखिन थालेको छ ।

सरकारको निर्णयमा पुनर्विचार गर्नुको सट्टा आन्दोलनलाई सामान्य रूपमा लिएर समय बिताउने रणनीति अपनाइएको जस्तो देखिन्छ । यही प्रवृत्तिले समस्या झन् जटिल बन्ने खतरा बढाएको छ ।

सबैभन्दा चिन्ताजनक पक्ष भने नेपालको प्रेस स्वतन्त्रताको विषय अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको पेरिस सम्मेलनसम्म पुग्नु हो । सम्मेलनले नेपालको अवस्थाबारे विशेष प्रस्ताव पारित गर्दै सरकारलाई आफ्नो निर्णय पुनर्विचार गर्न आग्रह गरेको छ । एउटा लोकतान्त्रिक मुलुकको नाम अन्तर्राष्ट्रिय चिन्ताको सूचीमा पर्नु सामान्य घटना होइन । यसले नेपालको लोकतान्त्रिक छवि र अन्तर्राष्ट्रिय प्रतिष्ठामाथि प्रश्न उठाएको छ ।

नेपालले लामो संघर्षपछि प्राप्त गरेको प्रेस स्वतन्त्रता कुनै सरकारको दया वा कृपाबाट प्राप्त भएको होइन । त्यसका लागि पत्रकारहरूले जेल भोगेका छन्, धम्की सहेका छन् र कतिपयले जीवन नै बलिदान गरेका छन् । त्यसैले प्रेस स्वतन्त्रतालाई कमजोर पार्ने कुनै पनि कदमलाई सामान्य प्रशासनिक निर्णयका रूपमा व्याख्या गर्न मिल्दैन ।

अहिलेको आवश्यकता टकराव होइन, संवाद हो । सरकारले आफ्नो निर्णय पुनरावलोकन गर्दै सबै पक्षको सहभागितामा समाधान खोज्नुपर्छ । राज्यका निकायहरूले पनि आफ्नो संवैधानिक दायित्व सम्झिनुपर्छ । मानवअधिकार आयोगले आफ्नो मौनता तोडेर स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ । प्रेस स्वतन्त्रताको सवालमा मौनता पनि एउटा प्रकारको सहमति ठहरिन सक्छ भन्ने तथ्य आयोगले बुझ्न आवश्यक छ ।

यही विषयमा आन्दोलनका सवालमा उठेका केही तर्कहरुलाई पनि मनन गर्नुपर्ने आवश्यकता छ । सरकारी विज्ञापन ठूला घरानिया संचारमाधयमले नपाउँदा कसरी प्रेस स्वतन्त्रता हनन् भयो ? झट्ट हेर्दा सोचनीय जिज्ञासा हो । जिज्ञासाभित्र उत्तर पनि छ कि विज्ञापन नभए संचारमाध्यम कमजोर हुन्छन् ? अर्को प्रश्न छ, उसो भए साप्ताहिक पत्रिकाहरुलाई समानुपातिक विज्ञापन दिलाउन किन नसकिएको ?

मूल प्रश्न यहीनेर आउँछ । नेपाली पत्रकारिताको इतिहास, संघर्ष, त्यागलाई जीजित राखेका साप्ताहिक पत्रिकाहरुको अस्तित्व रक्षाका लागि पनि महासंघ जसरी सरकारी विज्ञापन नदिने निर्णयको बिरोधमा उभियो त्यसै गरी उभिनुपर्छ भन्ने आवाज उठिरहेको छ । यो आवाजलाई महासंघ केन्द्रीय समितिले आत्मसात गर्नुपर्छ ।

प्रेस भनेको ठूला घरानिया, दैनिक पत्रिका, रेडियो, टेलिभिजन चलाउनेहरु मात्र होइनन् साना लगानीका, सम्पादक, प्रकाशकले आफ्नो तलब, पेन्सन काटेर छपाई गर्ने साप्ताहिक पत्रिका पनि हुन् र विचार प्रवाह, दृष्टिकोण निर्माणमा यी पत्रिकाहरु नै अब्बल रहेका छन् भन्ने दावी पनि अस्वीकार गर्न सकिन्न ।

यसैले प्रेस स्वतन्त्रता कुनै संचारगृह वा पत्रकारको विशेषाधिकार होइन, त्यो नागरिकको अधिकार हो । स्वतन्त्र सञ्चारमाध्यम कमजोर भए लोकतन्त्र कमजोर हुन्छ, लोकतन्त्र कमजोर भए नागरिकको स्वतन्त्रता कमजोर हुन्छ । त्यसैले आज उठेको प्रश्न विज्ञापनको भागबन्डाको मात्र होइन, लोकतन्त्रको आत्माको रक्षा गर्ने कि त्यसलाई क्रमशः नियन्त्रणको घेरामा सीमित गर्ने भन्ने हो ।

नेपाल पत्रकार महासंघको आन्दोलनको सार पनि यही हो । राज्यका स्रोतमा समान पहुँच, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सूचनाको अधिकारको संरक्षण र स्वतन्त्र पत्रकारिताको अस्तित्वको रक्षा । यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने इतिहासले फेरि एकपटक सम्झाउनेछ । प्रेसमाथिको नियन्त्रणको सुरुवात सधैँ सानो निर्णयबाट हुन्छ, तर त्यसको परिणाम लोकतन्त्रका लागि अत्यन्त महँगो साबित हुन सक्छ ।

( लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन् )

# प्रांगरिक मलतर्फ किसान आकर्षित



टुडे समाचारदाता

राजविराज । सप्तरीका कृषकहरु माटोको स्वास्थ्य सुधार तथा संरक्षणका लागि प्रांगारिक (अर्गानिक) मलप्रतिको आकर्षित भएका छन् ।

खेतीयोग्य जमिनको उत्पादकत्व कायम राख्ने उद्देश्यले कृषि ज्ञान केन्द्र सप्तरीद्वारा सञ्चालित 'अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम' अन्तर्गत हालसम्म नौ हजार बोरा मल वितरण भइसकेको छ ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहताका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्लाभर कुल ११ हजार ४७० बोरा अर्थात् २८६ दशमलव ७५ मेट्रिक टन प्रांगारिक मल वितरण गर्ने लक्ष्य राखिएको छ । जसमध्ये हालसम्म करिब २२५ मेट्रिक टन (नौ हजार बोरा) मल कृषकहरूले बुझिसकेका छन् ।

जिल्लाको अधिकांश खेतीयोग्य जमिनको माटो अम्लीय बन्दै गएको र माटोमा प्राङ्गारिक पदार्थको मात्रा न्यून रहेकाले यो कार्यक्रम ल्याइएको प्रमुख मेहताले बताए । उनका अनुसार स्वस्थ र उर्वर माटोका लागि कम्तीमा चारदेखि पाँच प्रतिशत प्राङ्गारिक पदार्थ आवश्यक पर्ने भए पनि हाल सप्तरीको माटोमा यो मात्रा केवल एकदेखि २ दशमलव ५ प्रतिशत मात्र छ ।

"माटोको गुणस्तर घट्दै जाँदा उत्पादनमा समेत ह्रास आउन थालेको छ । त्यसैले माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढाई दीर्घकालीन रूपमा कृषि उत्पादन वृद्धि गर्ने हाम्रो लक्ष्य हो," उनले भने ।

वितरण गरिएको प्रांगारिक मलमा करिब २० प्रतिशत प्रांगारिक पदार्थ रहेको छ । यसमा नाइट्रोजन, फस्फोरस र पोटासियमजस्ता मुख्य पोषक तत्वको मात्रा एकदेखि ३ दशमलव ५ प्रतिशत मात्र हुने भएकाले प्राङ्गारिक मलसँगै आवश्यक मात्रामा रासायनिक मलको सन्तुलित प्रयोग गर्न ज्ञान केन्द्रले सुझाएको छ । साथै, माटोको संरचना सुधारका लागि हरियो मलका रूपमा 'ढैँचा' जस्ता बाली उत्पादन गरी माटोमा मिलाउन पनि कृषकहरूलाई परामर्श दिइएको छ ।

केन्द्रले ८५ प्रतिशत अनुदान उपलब्ध गराएपछि प्रतिबोरा (२५ केजी)को १४० रुपियाँमा मल पाउन थालेपछि स्थानीय कृषकहरू उत्साहित भएका छन् । स्थानीय कृषक मनोज सिंहले रासायनिक मलको अभाव भइरहेका बेला अनुदानको प्रांगारिक मलले राहत दिएको बताएका छन् ।

यसैबिच, कृषि ज्ञान केन्द्र राजविराजले उक्त कार्यक्रमका लागि चौथोपटक आवेदन आह्वान गरेको छ । पर्याप्त आवेदन प्राप्त नभएसम्म वा मौज्दात मल रहेसम्म 'पहिलो आउनेलाई पहिलो प्राथमिकता' का आधारमा मल वितरण गरिने केन्द्रले जनाएको छ ।

# संविधान संशोधनको जिम्मेवारी रास्वपाको काँधमा : यादव

टुडे समाचारदाता

भरतपुर । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान अहिलेपनि अपुरै रहेकाले त्यसको संशोधनको जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को काँधमा रहेको बताएका छन ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को आइतबार चितवनको भरतपुरमा आयोजित पहिलो ऐतिहासिक महाधिवेशनको उद्धाटन सत्रमा सम्बोधन गर्दै उन यस्तो बताएका हुन ।

अध्यक्ष यादवले भन्नुभयो, "आर्थिक विकास र समृद्धिका लागि सबैभन्दा महत्त्वपूर्ण सर्त भनेको सुशासन र सामाजिक न्याय हो ।"

उनले महाधिवेशनले मुलुकमा रहेका विकृति र विसङ्गती अन्त्य गरेर मुलुकलाई नयाँ दिशामा लैजान सफल हुनुपर्ने शुभकामना व्यक्त गरे ।

उनले भने, "यो महाधिवेशनले ऐतिहासिक निर्णयहरू गर्ने नै छन् र मुलुकको परिवर्तनको लागि मुलुकमा रहेका विकृति र विसंगतीलाइ अन्त्य गरेर नयाँ सुरुवात र नयाँ दिशामा मुलुक लैजानका लागि सफलताका मिलोस् । नयाँ युगमा नयाँ परिर्तित सन्दर्भमा नयाँ युवाहरू नेतृत्वमा आएको छ । उनीहरुलाई हाम्रो पार्टीको तर्फबाट सदा साथ, सहयोग रही नरहने छ ।"

अध्यक्ष यादवले संविधान संशोधनमार्फत विद्यमान राजनीतिक तथा सामाजिक विकृति र विसंगति हटाई देशको रूपान्तरणलाई नयाँ उचाइमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए । उनले समावेशी लोकतन्त्रको सुदृढीकरण र देशको अग्रगामी विकासका लागि रास्वपा जस्ता नयाँ शक्तिले अग्रसरता लिनुपर्नेमा जोड दिए ।

मुलुकले अहिले सुशासन, समृद्धि र वास्तविक सामाजिक न्याय खोजिरहेको उल्लेख गर्दै अध्यक्ष यादवले भने, "मुलुक अहिले सयौँ वर्षदेखि विभेदमा पारिएका विभिन्न भेषभुषा, भाषा र जातजातिका मानिसहरूले समानताको हक र अधिकार चाहिरहेको अवस्थामा छ । विगतमा संविधानसभाबाट संविधानको घोषणा त गरियो, तर त्यो संविधान अझै त्रुटिपूर्ण, अधुरो र अपूरो छ ।" उनले वर्तमान संविधानभित्रै अनेकौँ अन्तरविरोधहरू रहेको चर्चा गरे ।

संविधानका सकारात्मक पक्षहरूको स्मरण गर्दै उनले संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षता जस्ता महत्त्वपूर्ण आयामहरू यसमा समेटिए पनि ती धेरै कुराहरू अपूर्ण रूपमा रहेको टिप्पणी गरे । "अहिलेको मुख्य आवश्यकता भनेको संविधानलाई संशोधन र परिमार्जन गरी यसमा रहेका कमजोरीहरूलाई हटाएर संविधानलाई समृद्ध बनाउनु हो," अध्यक्ष यादवले भभने, "यो ऐतिहासिक जिम्मेवारी र चुनौती अब यहाँहरू (रास्वपा) माथि पनि आइपुगेको छ ।"

उनले रास्वपाको यस प्रथम महाधिवेशनले मुलुकलाई समृद्धिको सही दिशामा लैजान सफलता प्राप्त गरोस् भन्दै रास्वपा परिवार र महाधिवेशन प्रतिनिधिहरूलाई सुखद् कार्यकालको शुभकामना समेत व्यक्त गरे ।

# सुतेकै अवस्थामा वृद्धको हत्या

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा एक वृद्धको सुतिरहेको अवस्थामै धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ । जिल्लाको बसबरिया गाउँपालिका-१ मानपुरका ५२ वर्षीय होशनारायण राय यादवको शनिबार मध्यराति हत्या भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । प्रहरीका अनुसार यादव आफ्नै भैंसी गोठमा सुतिरहेका बेला राति करिब १२ बजे अपरिचित समूहले उनको घाँटीमा धारिलो हतियार प्रहार गरेको थियो ।

आक्रमणपछि गम्भीर घाइते भएका उनलाई परिवारका सदस्यले तत्काल अस्पताल लैजाने प्रयास गरेका थिए । तर, बाटोमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ । घटनाको कारण र संलग्न व्यक्तिहरूको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी गोपीकृष्ण सुवेदीका अनुसार घटनाबारे अनुसन्धान अघि बढाइएको छ र दोषीको खोजी कार्य तीव्र पारिएको छ । मृतकका जेठा छोरा सुवासकुमारले आफ्नो बुबा सरल र शान्त स्वभावका व्यक्ति भएको बताउँदै कसैसँग कुनै प्रकारको विवाद नरहेको जानकारी दिए ।

उनले हत्याको कारणबारे आफूहरू पनि अन्योलमा रहेको बताए । घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी छिट्टै पक्राउ गर्ने प्रयास भइरहेको जिप्रका सर्लाहीले जनाएको छ ।

# बस दुर्घटनामा ११ जना घाइते




टुडे समाचारदाता

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१० स्थित नितनपुर चोकमा यात्रुवाहक बस दुर्घटना हुँदा ११ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बिहान करीब ११ बजेतिर वीरगञ्जबाट सप्तरीतर्फ जाँदै गरेको ना ७ ख २३५ नम्बरको बस ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई सडकमा पल्टिएको थियो ।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय जीतपुर, इलाका प्रहरी कार्यालय सिमरा तथा सशस्त्र प्रहरीको संयुक्त टोली घटनास्थलमा पुगेर उद्धार कार्य सञ्चालन गरेको थियो । घाइतेहरूलाई तत्काल विभिन्न अस्पतालमा पठाइएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते भएका सात जनाको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको छ। उनीहरूको अवस्था सामान्य रहेको बताइएको छ । यस्तै सिराहाका ६२ वर्षीय चिनीलाल श्रेष्ठको छातीमा गम्भीर चोट लागेको छ र उनको वीरगञ्जस्थित तराई अस्पतालमा उपचार भइरहेको छ । अन्य केही घाइतेले सामान्य उपचारपछि आफ्नै गन्तव्यतर्फ गएको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि बस चालक फरार भएका छन् । उनको खोजी कार्य जारी रहेको तथा दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । प्रहरीले दुर्घटनाग्रस्त बसलाई घटनास्थलबाट हटाएर इलाका प्रहरी कार्यालय सिमरामा नियन्त्रणमा लिई राखेको छ ।

## निको कप महिला टि-ट्वान्टी क्रिकेट:
# लुम्बिनीलाई पराजित गर्दै कोशी विजयी

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय रङ्गशालामा सञ्चालित निको कप महिला टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशलाई पराजित गर्दै कोशी प्रदेशले दोस्रो जित हासिल गरेको छ । वर्षाका कारण प्रभावित खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित पाँच ओभरमा पाँच विकेट गुमाएर १८ रनको योगफल बनायो । लुम्बिनीका कुनै पनि ब्याटरले दोहोरो अङ्क जोड्न सकेनन् ।




लुम्बिनीलाई कम रनमा समेट्न कोशीका रिया शर्मा र रुबिना क्षेत्रीले समान दुई/दुई विकेट हात पारे । उन्नाइस रनको झिनो लक्ष्य लिएर मैदान प्रवेश गरेको कोशीले तीन ओभरमा विना कुनै क्षति लक्ष्य भेटायो । कोशीका लागि काजल श्रेष्ठ र अप्सरी बेगमले अविजित १९ रनको साझेदारी गर्दै टिमलाई महत्वपूर्ण जित दिलाएका हुन् ।

यो जितसँगै कोशी दुई खेलबाट चार अङ्क जोड्दै शीर्ष स्थानमा छ ।

यसअघि शनिबार भएको उद्धाटन खेलमा कोशीले मधेस प्रदेशलाई २० रनले पराजित गरेको थियो । आजै हुने दोस्रो खेलमा मधेस र कर्णाली प्रदेशबीच प्रतिस्पर्धा हुनेछ ।

मधेस खेलकुद परिषद्का सदस्य सचिव शिवजीप्रसाद गुप्ताका अनुसार प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस खेलकुद परिषद् तथा नेपाल खेलकुद महासङ्घको संयोजनामा सुरु भएको प्रतियोगितामा सात प्रदेश र दुई विभागीय टिम आर्मी र एपिएफ गरी नौ वटा टिमले सहभागिता जनाएका छन् । प्रतियोगिता यही असार १४ गतेसम्म जनकपुरधाम र वीरगञ्जमा सञ्चालन हुनेछ । रासस

# जनकपुरधाम-५ मा प्रथम वडा स्तरीय क्रिकेट प्रतियोगिता शुरु

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामउपमहानगरपालिका-५ को आयोजनामा प्रथम वडा स्तरीय क्रिकेट प्रतियोगिता-२०८३ आइतबारदेखि औपचारिक रूपमा शुरु भएको छ ।




वडा नं. ५ का अध्यक्ष बेचन साहु हलुवाईको अध्यक्षतामा आयोजित उद्धाटन कार्यक्रममा नेपाल आभूषण महासंघ मधेश प्रदेशका अध्यक्ष पवन ठाकुर प्रमुख अतिथि तथा जनकपुरधामउपमहानगरपालिकाका कार्यपालिका सदस्य राकेश विक्रम साह विशिष्ट अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा सञ्चारकर्मी, खेलप्रेमी तथा खेलाडीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि ठाकुरले खेलकुद युवाको क्षमता विकास, अनुशासन र सामाजिक एकताको महत्वपूर्ण माध्यम भएको बताए । उनले स्थानीय तहमा आयोजना हुने यस्ता प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न तथा प्रतिभा पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

विशिष्ट अतिथि साहले वडा स्तरमै क्रिकेट प्रतियोगिता आयोजना हुनु सकारात्मक पहल भएको बताउँदै यसले युवालाई सकारात्मक तथा सिर्जनात्मक गतिविधितर्फ उन्मुख गराउने विश्वास व्यक्त गरे । उनले स्थानीय सरकारले खेलकुद पूर्वाधार विकास र खेलकुद गतिविधिको विस्तारमा थप सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रमका अध्यक्ष तथा वडा अध्यक्ष बेचन साहु हलुवाईले वडा नं. ५ लाई खेलकुद गतिविधिको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । उनले प्रतियोगिताले स्थानीय युवामा प्रतिस्पर्धात्मक भावना, अनुशासन र खेल संस्कृतिको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र बृहत् रूपमा सञ्चालन गरिने प्रतिबद्धता जनाए । प्रतियोगितामा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ५, वडा नम्बर १२, वडा नम्बर ८, वडा नम्बर १४, वडा नम्बर २३ र वडा नम्बर १७को टिम सहभागी भएको ।

प्रतियोगिताको विजेता टिमले २५ हजार राशीको पुरस्कार पाउनेछन् भने द्वितिय हुने टिमले १५ हजार राशीको पुरस्कार पाउने छन् ।

यता जनकपुरधाममा आयोजित वडास्तरीय क्रिकेट प्रतियोगितामा वडा नम्बर १२ ले शानदार प्रदर्शन गर्दै वडा नम्बर ५ लाई ६८ रनले पराजित गरेको थियो ।

# कानून विपरितका अस्पतालमा काम नगर्न निर्देशन




टुडे समाचारदाता

जनकपुरधाम।नेपालमेडिकल काउन्सिलले कानुनविपरीतका अस्पतालहरुमा काम नगर्न चिकित्सकहरुलाई निर्देशन दिएको छ । स्वास्थ्य संस्थाहरूले स्वीकृत शैया क्षमता र कार्यक्षेत्रभन्दा बाहिर सेवा सञ्चालन गरिरहेको ठाँउमा चिकित्सकलाई काम नगर्न निर्देशन दिएको हो ।

जनस्वास्थ्य सेवा ऐनको दफा २१ र २२ अनुसार स्वास्थ्य संस्थाले तोकिएको इजाजतपत्र (सञ्चालन अनुमति) बिनाका सेवा सञ्चालन गर्न नपाउने व्यवस्था रहेको काउन्सिलले उल्लेख गरेको छ । यस्ता कानुनविपरीत सञ्चालन भएका स्वास्थ्य संस्थाको इजाजतपत्र स्वतः खारेज हुन सक्ने प्रावधान रहेको काउन्सिलले जनाएको छ ।

क ा उ ि न स ल ल ` कानुनविपरीत सञ्चालन भइरहेका संस्थामा कार्यरत चिकित्सकहरू पनि कानुनी जोखिम र नैतिक जवाफदेहितामा पर्न सक्ने चेतावनी समेत दिएको छ । सूचनामा भनिएको छ, 'कानुन विपरीत सञ्चालन भइरहेका संस्थामा काम गर्दा चिकित्सकहरु स्वयं पनि गम्भीर कानूनी जोखिम र नैतिक जवाफदेहितामा पर्ने निश्चित छ ।'

व्यावसायिक सुरक्षा, कानुनी सचेतना र स्वास्थ्य क्षेत्रको पारदर्शिता कायम राख्न काउन्सिलले चिकित्सकहरूलाई तीन बुँदे आग्रहसमेत गरेको छ । काउन्सिलका अनुसार चिकित्सकले कुनै पनि अस्पताल वा स्वास्थ्य संस्थामा आबद्ध हुनुअघि उक्त संस्थाको स्वीकृत शय्या संख्या, सञ्चालन अनुमति पत्र तथा जनस्वास्थ्य सेवा ऐनबमोजिम स्वीकृत सेवाको विवरण अनिवार्य रूपमा बुझ्नुपर्नेछ ।

त्यसैगरी नियुक्ति लिनुअघि संस्थाको अद्यावधिक नवीकरण प्रमाणपत्र र स्वीकृत सेवासम्बन्धी विवरणबारे जानकारी लिनुपर्नेछ । कुनै स्वास्थ्य संस्थाले आफ्नो स्वीकृत क्षमता भन्दा बाहिर गई ऐन तथा मापदण्ड उल्लंघन गरेको पाइएमा त्यस्ता गतिविधिमा संलग्न नहुन र संस्थालाई कानुनी दायराभित्र रहेर सञ्चालन गर्न सचेत गराउन पनि चिकित्सकलाई आग्रह गरेका छन् ।

# प्रहरीमाथि चक्कु प्रहार

टुडे समाचारदाता

विराटनगर । प्रहरी र सुधार गृहका कर्मचारीमाथि सुधार गृह लैजान खोजिएका एक युवकले एक युवकले चक्कु प्रहार गरेका छन् ।

आइतबार अपराह्न विराटनगर महानगरपालिका-१, अनुकरण मार्ग बस्दै आएका २९ वर्षीय रुबिण कार्कीले दुई प्रहरी र एक जना सुधार गृहका कर्मचारीमाथि चक्कु प्रहार गरेका हुन् ।

रामेछाप घर भई विराटनगर-१ स्थित मोहन भट्टराईको घरमा कोठा भाडामा बस्दै आएका २९ वर्षीय कार्कीलाई आइतबार दिउँसो साथीभाइ नेपाल नामक सुधार गृह काठमाडौं पठाउने तयारी भएको थियो ।



कार्कीले आफूलाई कोठाभित्र थुनेर आत्महत्याको प्रयास गरेपछि परिवारका सदस्यले प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा पुगेको सीआरभी भट्टाचोकको प्रहरी टोली र सुधार गृहका कर्मचारीले उनलाई सम्झाइ बुझाइ गरी कोठाबाट निकाल्न खोजेका थिए ।

तर, कार्कीले आफ्नो ओछ्यानमा लुकाएर राखेको चक्कु झिक्दै सीआरभी भट्टाचोकका प्रहरी सहायक निरीक्षक भोजराज रेग्मी, प्रहरी जवान हिमाल घिमिरे र साथीभाइ नेपाल सुधार गृहका कर्मचारी सन्तोष सापकोटालाई चुक्क प्रहार गरेको मोरङ प्रहरी प्रवक्ता डीएसपी मकेन्द्रकुमार मिश्रले बताए ।

उनका अनुसार आक्रमणबाट तीनै जनाको टाउकोमा चोट लागेको छ । घाइतेहरूलाई उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल भर्ना गरिएको छ । प्रहरीका अनुसार घाइतेहरूको अवस्था सामान्य रहेको छ । प्रहरीले चक्कु प्रहार गर्ने कार्कीलाई नियन्त्रणमा लिएको उनले बताए ।


# विभान्ता रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाईको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०३/०८**

मधेश प्रदेश, धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका वडा नं १, रमदैयामा प्रस्तावित विभान्ता रिसोर्टको ६० वटा पाहुना कोठामा ८० शय्या क्षमताको होटल निर्माण तथा सञ्चालनको लागि वातावरण संरक्षण ऐन २०७६, तथा वातावरण संरक्षण नियमावली २०७७ को प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा वातावरण संरक्षण नियमावली २०७७ नियम (६) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सुनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो । उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**

- **मिति:** २०८३/०३/१५ गते सोमबार,
- **समय:** विहान १० बजे
- **स्थान:** प्रस्तावित आयोजना निर्माण स्थल
  क्षिरेश्वरनाथ नगरपालिका वडा नं १, रमदैया, धनुषा

# सवा करोडको डाइभर्सन पानीले बगाए



**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीमा बनाइएको अस्थायी डाइभर्सन आइतवार पानीको बहावसँगै बगेपछि आवात जावत पूर्ण रूपमा बन्द भएको छ।

गएरातिको वर्षापछि डाइभर्सनको ठूलो भाग थप भासिएपछि बिहानदेखि सवार ीसाधनको आवागमन ठप्प भएको हो। सिरहाको बसबिट्टा क्षेत्रतर्फ निर्माण गरिएको करिब एक करोड २५ लाख रुपैयाँ लागतको तारजाली र माटोयुक्त अस्थायी डाइभर्सन केही महिनाअघि मात्रै सञ्चालनमा ल्याइएको थियो।

तर, निरन्तरको वर्षा र कमला नदीको बहाव बढेसँगै संरचना कमजोर भई आज बिहानदेखि पूर्ण रूपमा प्रयोगविहीन बनेको स्थानीयले बताएका छन्।

स्थानीयवासीका अनुसार बिहानैदेखि सवारीसाधन डाइभर्सन पार गर्न नसक्ने भएपछि सिरहा-धनुषा आवागमन पूर्ण रूपमा प्रभावित भएको छ। केही मोटरसाइकल चालकले जोखिम मोलेर आवतजावत गर्ने प्रयास गरे पनि पछि रोकिएको छ भने सर्वसाधारण डुङ्गाको भरमा नदी पार गर्न बाध्य भएका छन्।

सिरहा नगरपालिका-५ स्थित बसबिट्टा घाटमा अहिले डुंगार्फत यात्रु ओसारपसार भइरहेको छ। वडाध्यक्ष इन्द्रजित यादवका अनुसार यात्रुहरूले नदी पार गर्न प्रतिव्यक्ति १५० रुपैयाँ तिर्नुपर्ने अवस्था रहेको छ।

यसैबीच, कमला नदीमाथि निर्माणाधीन पुल वर्षौंदेखि अलपत्र अवस्थामा छ। हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त पुलको ठेक्का २०६८ सालमै सम्झौता भए पनि पटकपटक म्याद थपिँदा पनि निर्माण सम्पन्न हुन सकेको छैन। बाढी र प्राविधिक समस्याका कारण पटकपटक क्षति पुगेपछि परियोजना अझै अधुरै रहेको छ।

स्थानीयवासीहरूले वर्षेनी दोहोरिने यातायात अवरोध अन्त्य गर्न दीर्घकालीन समाधानस्वरूप पुल निर्माणलाई शीघ्र सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## रास्वपा मधेसको पीडा :

# झा र यादवले अधिवेशन ध्वस्त पारे

**टुडे समाचारदाता**

जनकपुरधाम। आइतबारदेखि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशन सुरु भएको छ। जसमा ६ प्रदेश र ६४ जिल्लामा अधिवेशन गरेको सहभागिता जनाएको छ।

मधेस प्रदेश र १३ जिल्लामा भने अधिवेशन नभएको महामन्त्री कविन्द्र बुर्लाकोटीले महाधिवेशनमै जानकारी दिए। महाधिवेशनको उद्घाटन सत्र सुरु हुने बेलामा बोल्दै महामन्त्री बुर्लाकोटीले अधिवेशन नभएका १३ जिल्ला र मधेस प्रदेशबाट पनि प्रतिनिधि आउने थप व्यवस्था गरिएको जानकारी दिए।

महामन्त्री बुर्लाकोटीले ६०९ पालिकामा पार्टीको तदर्थ समिति गठन भएर अधिवेशन सम्पन्न भएको जानकारी दिँदै प्रदेश, जिल्ला र स्थानीय तहमा अधिवेशन गर्ने तयारी भइरहेको बताए।

मधेश प्रदेश र प्रदेशका पर्सा बाहेक ७ जिल्लामा किन र के कति कारणले महाधिवेशन हुन नसकेको बारे विभिन्न अड्कलबाजी गरिदै आएको छ। मधेश प्रदेश र प्रदेशका जिल्ला तथा पालिकामा अधिवेशन हुन नसकेकाहरुलाई सहभागिताका पार्टीका निर्वाचन आयोगले छुट्टै थप व्यवस्था गरेको छ।

मधेश प्रदेश, जिल्ला र स्थानीय तहमा अधिवेशन हुन नसक्नुको कारण इतर पक्ष र संस्थापन पक्षले कार्यसमिति कब्जा गर्न खोज्दा विवाद उत्पन्न भएको अहिलेसम्म कुरा आइरहेको छ। दुई पक्षीय झडप तथा तोडफोडले शान्ति सुरक्षामा चुनौती देखिएका कारण निर्वाचन आयोगले अधिवेशनका सम्पूर्ण




गतिविधि स्थगित गर्‍यो। तर वास्तवमा भन्ने हो भन्ने यो यसको तार कतै न कतै धनुषा क्षेत्र नम्बर ३ का सांसद एवं पार्टीका प्रवक्ता मनिष झासँग जोडिएको तथ्य सार्वजनिक भएको छ।

पर्सा बाहेकका जिल्ला र प्रदेश अधिवेशन नै स्थगित भएपछि सभापति रवि लामिछानेले असार ३ गते मधेसबाट निर्वाचित सबै सांसदहरूसँग छलफल गरेका थिए।

रास्वपा संसदीय दलको कार्यालय सिंहदरबारमा भएको छलफलमा समस्याको जड मौजुदा मधेस सभापति तपेश्वर यादव भएको गुनासो गरेका थिए। झाको भूमिकाप्रति प्रदेश सभापति यादवले प्रश्न उठाएका थिए। संगठन निर्माणका लागि भूगोलमा काम गरेका नेताहरूलाई अवमूल्यन गरी सांसदहरूले हस्तक्षेप गर्दा समस्या आएको ब्रिफिङ बैठकमा गरिएको थियो। सहभागी एक सांसदका अनुसार मधेस अधिवेशन स्थगित भएकोमा असन्तुष्टि पोखेका थिए।

२०७९ सालमा रास्वपा स्थापना हुँदा काठमाडौं उपत्यका लगायत सहरी क्षेत्रमा ठुलो प्रभाव परेको थियो। सहरको तुलनामा कम प्रभाव परेको मधेसमा पार्टी स्थापना कालमा महत्वपूर्ण भूमिका खेलेका नेताहरूले पाखा लगाउने काम भइरहेको आरोप लगाइएको छ। तर केन्द्रमा हस्तक्षेपकारी भूमिका खेल्न सक्ने प्रवक्ता झाले नै गुट उपगुटलाई प्रशय दिएको जिल्लाका नेताहरूको आरोप छ।

'मनिष झालाई सिंगो मधेसले पत्याएको व्यक्ति हो। भविष्यको सम्भावना बोकेको नेता भएर पनि उनी गुटगत स्वार्थबाट प्रेरित हुनुभयो। झा, तपेश्वर यादव, पुरुषोत्तम यादव लगायतका कारण पार्टी सगठन ध्वस्त भएको छ', महाधिवेशनमा सहभागी एक प्रतिनिधिले भने। ती प्रतिनिधिका अनुसार महाधिवेशन बन्दसत्रभित्र पनि यी कुरा उठाउने बताएका छन्।

स्रोतका अनुसार झालाई २०८० सालमै सांसदबाट फिर्ता बोलाउन माइन्युट भएको थियो। मंसिर १५ गते वीरगन्ज महानगरपालिकाको कन्ट्री इन होटेलमा बसेको जिल्ला संयोजक तथा उपसंयोजकहरूको बैठकले पाँच वटा प्रस्तावमा छलफल भएको थियो। त्यसमध्ये निर्णय नम्बर २ मा झाको व्यवहार ठिक नदेखिएकाले फिर्ता बोलाउने सर्वसम्मत निर्णय भएको प्रमाण फेला परेको छ।

'निर्णयमा भनिएको छ। मधेस प्रदेश समानुपातिक सांसद माननीय मनिष झाको कार्य व्यवहारबाट हालसम्म समग्र मधेस प्रदेशका पदाधिकारी लगायत विभिन्न जिल्लाका पदाधिकारी असन्तुष्ट रहेकाले सो व्यक्तिलाई पार्टीको विधान धारा ७५ बमोजिम राइट टु रिकल प्रक्रियाबाट फिर्ता बोलाउने विषयमा सर्वसम्मतबाट निर्णय पारित गरियो', माइन्युटमा भनिएको छ।

त्यस बैठकमा पर्सा जिल्ला संयोजक दिलिप कुमार कुर्मी, रौतहट जिल्ला संयोजक प्रदिप साह, महोत्तरी जिल्ला संयोजक शुभम कुमार यादव, धनुषा जिल्ला संयोजक जयप्रकाश महतो, रौतहट जिल्ला उपसंयोजक उपेन्द्रराम यादव र बारा जिल्ला उपसंयोजक चन्दन स्वर्णकार सहभागी थिए।

माइन्युटमा सहभागी एक जनाले नोट अफ डिसेन्ट लेखेका थिए।

त्यही बेलादेखि नै चर्किएको विवाद हल गर्न नसक्दा मधेसका जिल्ला र प्रदेशका निर्वाचित प्रतिनिधिहरू महाधिवेशनमा सहभागी हुन सकेन। महाधिवेशन प्रतिनिधि बनेर आएका एक स्थानीय नेताले प्रवक्ता झा र प्रदेश सभापति तपेश्वर साहका कारण अधिवेशन हुन नसकेको आरोप लगाएका छन्।

यिनीहरुले आ आफ्ना आसेपासेलाई स्थापित गराउन जिल्लामै आन्दोलन छिराएको आरोप उनले लगाए। सिराहका अर्का प्रतिनिधिले सहमतिमै पदाधिकारी टुंगो लगाउन खोज्दा समस्या आएको बताए।

फागुन २१ गते भएको निर्वाचनमा कांग्रेस, एमाले र मधेशवादी जस्ता दलहरुलाई नराम्री पराजित गरी मधेसको ३२ निर्वाचन क्षेत्र मध्ये ३० सिट जित्न सफल भएका मधेसबाट नै नयाँ महाधिवेशन प्रतिनिधि आउन नसक्दा महाधिवेशन प्रतिनिधिहरू दुःखी देखिन्छन्।

# आँपको मूल्य निर्धारण गर्न माग

**टुडे समाचारदाता**

लहान। आँपको मूल्य निर्धारण गर्न किसानहरुले माग गरेका छन्। व्यवस्थित बजार र मूल्य निर्धारण हुन नसक्दा बिचौलियाहरुको बिगबिगी बढेको सिरहाका किसानहरु बताउंछन्।

जिल्लाको लहान नगरपालिकादेखि १५ किलोमिटर बरियारपट्टी गाउँपालिकाबाट आँप बिक्री गर्न आएका कृषक योगेन्द्र यादवले पीडा पोख्दै भने, 'यत्रो टाढाबाट गाडी भाडा गरेर आँप बिक्री गर्न आए। हामीबाट ३० रुपियाँ किलो आँप लिएर हाम्रै अगाडि ६० रुपियाँ किलो व्यापारीहरूले बिक्री गरिरहेको देख्दा निकै चित दुखेको छ।'

यस्तै भगवानपुर गाउँपालिकाबाट आँप बिक्री गर्न आएका मनोज साहको पनि पीडा योगेन्द्र यादवकै पीडा छ। आँप उत्पादनमा लगाएको लगानी अनुसारको आम्दानी नहुनुले किसान निराश भएको उनले सुनाए।

सिराहा र सप्तरीको आँप बिक्री केन्द्र रहेको लहानमा आँप बिक्री गर्ने बजार व्यस्थित नहुनु, शित भण्डार नहुनु, मूल्य निर्धारण नगर्नुजस्ता समस्या किसानले निकै वर्षदेखि



भोगिरहेको कृषि सहकारी सिराहाका अध्यक्ष मागैन कामैत बताउंछन्। उनी भन्छन्, "असार महिना खेतिपातीको समय आयो। किसानले आफ्नो बगैँचाबाट टिपेर ल्याएको आँपको उचित मूल्य कहिले पनि पाउन सकेको छैन।"

लहान नगरपालिका कृषि शाखा वा सरोकारवाला निकायहरूले किसानलाई उत्साहित बनाउने पर्नेमा स्थानीयको जोड छ। लहान नगरपालिका कृषि शाखाका प्रमुख प्रकाश हलुवाइले यसपटक आँपको ब्रान्डिङ गर्ने बजेट नरहेकोले लहानको आँप ब्रन्डिङ गर्न नसेको बताए।

व्यस्थित हाटबजार कृषि शाखाले गर्ने कुरा नै नभएको उनले प्रष्ट पारे। सिराहामा गोलबजार लहान र मिर्चैयामा आँपको मूल्य फरक फरक हुनु किसानले आँपको उचित मूल्य नपाउनु र विचौलियाको पूर्ण नियन्त्रण रहेको कृषि हाट बजारको व्यवस्थापनमा स्थानीय सरकार चुकिरहेको अर्का कृषक भोरिल यादवले बताए।

सिराहामा गतवर्ष ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको थियो। यस वर्ष बढनु पर्नेमा आँपमा लाग्ने मधुवा रोग प्रकोप रोक्न नसक्दा विगत वर्षकै हाराहारीमा आँप उत्पादन हुने अनुमान रहेको कृषि ज्ञान केन्द्र सिराहाका सूचना अधिकारी सुदिप खनालले बताएका छन।

# क्षतिपूर्तिको माग गर्दै सडक अवरुद्ध

**टुडे समाचारदाता**

लहान। सवारी दुर्घटनामा गम्भीर घाइते भएका एक रिक्सा चालकको उपचारका क्रममा मृत्यु भएपछि सिरहाको धनगढीमाई नगरपालिकाका ाक्रोशित स्थानीयले शवसहित पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका छन्।

धनगढीमाई नगरपालिका-१० का ४५ वर्षीय कृष्णकुमार महतोको उपचारका क्रममा शनिबार मृत्यु भएपछि उनका आफन्त तथा स्थानीयवासीले आइतबार धनगढीमाई बजार क्षेत्रमा शव बोकेको एम्बुलेन्स सडकमा तेर्स्याएर पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका हुन्। स्थानीयका अनुसार महतो सिटी रिक्सा चलाएर जीविकोपार्जन गर्दै आएका थिए। शुक्रबार साँझ उनी रिक्सा रोकेर दही किन्न सडक पार गर्ने क्रममा तीव्र गतिमा आएको मोटरसाइकलले ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका उनलाई स्थानीय स्तरमा उपचार सम्भव नभएपछि विराटनगरस्थित नोबेल अस्पताल



लगिएको थियो। उपचारकै क्रममा शनिबार चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

ठक्कर दिने मोटरसाइकल चालक घटनापछि फरार रहेको र हालसम्म पक्राउ नपरेको भन्दै स्थानीयले दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा न्याय सुनिश्चित गर्न माग गरेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त प्रवक्ता एवं प्रहरी निरीक्षक नरेश लिम्बुले अवरुद्ध राजमार्ग खुलाउन इलाका प्रहरी कार्यालय लहानबाट प्रहरी टोली परिचालन गरिएको जानकारी दिए। उनका अनुसार पीडित पक्षसँग समन्वय र वार्ता भइरहेको छ भने फरार मोटरसाइकल चालकको खोजी कार्यसमेत भइरहेको छ।

राजमार्ग अवरुद्ध भएपछि यो समाचार लेख्दासम्म पूर्वपश्चिम राजमार्गको दुवैतर्फ लामो सवारी जाम लागेको छ। घटनास्थलमा प्रहरी र स्थानीयबीच वार्ता जारी रहेको तथा सडक सञ्चालन गराउने प्रयास भइरहेको प्रहरीले जनाएको छ। स्थानीयले बजार क्षेत्रमा सीसीटीभी जडान गर्न समेत माग गरेका छन्।

# जसपा नेपालको भेला असार ९ गते




**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला असार ९ गते आयोजना गर्ने भएको छ।

पार्टीको जिल्ला समिति धनुषाका अनुसार असार ९ गते मंगलबार बिहान ११:३० बजे जनकपुरधाम उपमहानगरपालिका-४ स्थित रौनियार धर्मशालामा भेला आयोजना गर्न लागिएको हो।

भेलामा पार्टीका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू, मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू, क्षेत्रीय तथा प्रदेशसभा क्षेत्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, पालिका तथा वडा समितिका पदाधिकारी तथा सदस्यहरूलाई सहभागी हुन आह्वान गरिएको छ। यस्तै, पार्टीका विभिन्न तहका भ्रातृ संगठनका पदाधिकारी तथा सदस्यहरू तथा धनुषा जिल्लाभित्रका निर्वाचित जनप्रतिनिधिहरूलाई समेत भेलामा अनिवार्य रूपमा उपस्थित हुन आग्रह गरिएको छ।

जिल्ला समितिले जारी गरेको सूचनामा संगठन सुदृढीकरण, आगामी राजनीतिक कार्यक्रम तथा पार्टी गतिविधिबारे छलफल गर्न भेला आयोजना गरिएको उल्लेख गरिएको छ। पार्टीले सबै सम्बन्धित नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरूलाई समयमै उपस्थित भई कार्यक्रम सफल बनाउन अनुरोध गरेको छ।

जसपा नेपालले मधेशको अधिकार, पहिचान र समृद्धिको एजेन्डालाई थप सशक्त बनाउन यस्ता संगठनात्मक कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ।

# संघीयताप्रति सकारात्मक हुन मन्त्री पटेलको आग्रह

**टुडे समाचारदाता**

निजगढ। मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम प्रसाद पटेलले संघीयता कार्यान्वयनका लागि आवश्यक अधिकारहरू अझै पूर्ण रूपमा प्रदेश र स्थानीय तहमा हस्तान्तरण नभएकाले संघीय शासन प्रणाली अपेक्षाअनुसार प्रभावकारी बन्न नसकेको बताएका छन्।

आम सञ्चार प्राधिकरण मधेश प्रदेशद्वारा निजगढमा आयोजित 'संघीयता सुदृढीकरण सम्बन्धी समाचार लेखन' विषयक दुईदिने आवासीय तालिमको समापन कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै मन्त्री पटेलले संघीयताको मर्मअनुसार अधिकार, स्रोत र जिम्मेवारीको बाँडफाँट हुन नसक्दा प्रदेश सरकारको प्रभावकारितामा प्रश्न उठ्ने गरेको बताए।

उनले संघीयता सफल बनाउन राजनीतिक नेतृत्व, कर्मचारी संयन्त्र, सञ्चारमाध्यम तथा नागरिक समाज सबैको समान भूमिका रहने उल्लेख गर्दै पत्रकारहरूलाई अझ जिम्मेवार र तथ्यपरक पत्रकारिता गर्न आग्रह गरे। "पत्रकार समाजको ऐना हुन्। पत्रकारिताको उद्देश्य व्यक्तिगत रिस, द्वेष वा प्रतिशोध निकाल्ने




होइन, समाजमा रहेका विकृति, विसंगति र कमजोरीलाई उजागर गर्दै सुधारको मार्ग देखाउनु हो," उनले भने।

मन्त्री पटेलले हरेक व्यक्ति तथा संस्थामा सकारात्मक र नकारात्मक दुवै पक्ष हुने भन्दै पत्रकारहरूले सन्तुलित ढंगले समाचार सम्प्रेषण गर्नुपर्ने धारणा राखे। राम्रो कामलाई प्रोत्साहन र कमजोरीलाई तथ्यका आधारमा उजागर गर्दा मात्र पत्रकारिताले समाज रूपान्तरणमा योगदान दिन सक्ने उनको भनाइ थियो।

तालिममा संघीयता विज्ञ डा. खिमलाल देवकोटा, प्रह्लाद लामिछाने र डा. विनय मिश्रले प्रशिक्षण प्रदान गरिरहेका छन्। प्रशिक्षकहरूले नेपालमा संघीयता महँगो र बोझिलो व्यवस्था भएको भन्ने धारणा निर्माण भइरहेका बेला यसको वास्तविक उद्देश्य, उपलब्धि र चुनौतीबारे जनतालाई सुसूचित गराउनु सञ्चारमाध्यमको महत्वपूर्ण दायित्व भएको बताए।

उनीहरूले संघीयता विविधतामा एकताको अवधारणामा आधारित शासन प्रणाली भएको उल्लेख गर्दै अधिकार माथिल्लो तहबाट तल्लो तहसम्म प्रभावकारी रूपमा हस्तान्तरण हुनुपर्नेमा जोड दिए। संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको कमी, बजेट वितरणमा असन्तुलन तथा प्रशासनिक अधिकारको अस्पष्टताले संघीयताप्रति नकारात्मक धारणा बढ्दै गएको उनीहरूको निष्कर्ष थियो।

फेडरलिज्म एन्ड लोकलाइजेसन, ललितपुरको प्राविधिक सहयोगमा सञ्चालन भइरहेको तालिममा पर्सा, रौतहट र सर्लाही जिल्लाका ५० भन्दा बढी पत्रकार सहभागी छन्। कार्यक्रममा विश्वका सफल संघीय मुलुकहरूको अभ्यास, नेपालको संघीय संरचनाको वर्तमान अवस्था, अधिकार हस्तान्तरणको प्रक्रिया तथा संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउन सञ्चारमाध्यमको भूमिकाबारे विस्तृत छलफल भइरहेको आयोजकले जनाएको छ।

आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्काको अध्यक्षतामा सम्पन्न तालिम उद्घाटन समारोहमा प्राधिकरणका प्रमुख प्रशासकीय अधिकृत सन्तोष साहले संघीयताको सफल कार्यान्वयनका लागि जनचेतना अभिवृद्धि आवश्यक रहेको बताए। उनले पत्रकारहरूलाई संघीयताका उपलब्धि, चुनौती र सम्भावनाबारे गहन अध्ययनसहित तथ्यमा आधारित सामग्री उत्पादन गर्न आग्रह गरे।


गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ तथा तरल पदार्थ सेवन गरौं,
- अत्याधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८